म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ११६ शुक्रबार, २६ मंसिर २०८२ ने. सं. ११४६ थिंलागा 12 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नदीजन्यपदार्थ ओसारपसार गर्ने १३ वटा ट्याक्टर नियन्त्रणमा

हेटौंडा, २५ मंसिर/मकवानपुरमा पछिल्लो समय अवैधरुपमा नदीजन्यपदार्थ उत्खनन तथा ओसारपसार गर्ने क्रम बढ्दो छ । जिल्लाका विभिन्न स्थानमा अवैधरुपमा नदीजन्यपदार्थ उत्खनन तथा ओसारपसार गर्ने १३ वटा ट्याक्टर मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक राजुप्रसाद कुर्मीले अवैध रुपमा नदीजन्यपदार्थ (ढुंगा/बालुवा) उत्खनन तथा ओसारपसार गर्दै गरेको अवस्थामा ट्याक्टर नियन्त्रणमा लिई आवश्यक कारबाही भइरहेको जानकारी दिए । नियन्त्रणमा लिएका ट्याक्टरमा ना. ५ त ७१८६, बा.प्र.०३-००१ त ३९९, प्रदेश २-०३-००१ त ४१०८, ना.७ त २०६४, ना. ६ त ३५६६, ना. ३ त १४७५, ना. ६ त ९८९९, बा.प्र.०३-००१ त ४७४, ना. ७ त १३३, बा.प्र.०३-००१ त ४४४, ना. ४ त ४०४९, प्र.२-०३-००१त ६७६८ र प्र २-०३-००१ त ६४८० नम्बरको ट्याक्टर रहेको प्रहरीले जनाएको छ ।

# प्रशासनले जबरजस्ती गरेको भन्दै पीडितको ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ हेटौंडा उपमहानगरपालिकाको मुख्य बजारक्षेत्रमा सडक विस्तारमा सर्वोच्च अदालतको आदेशविपरित स्थानीय प्रशासनले जबरजस्ती गरेको भन्दै पीडितले सरोकारवाला निकायको गम्भीर ध्यानाकर्षण गराएका छन् ।

बिहीवार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गर्दै उनीहरुले सडक सीमाक्षेत्रमा निर्माण भएका घरसंरचना नभत्काउन सर्वोच्च अदालतको आदेशलाई अवज्ञा गर्दै सडक विस्तारकार्य अगाडि बढाएर मानवअधिकारको उल्लंघन गरेको भन्दै सरोकारवालाको गम्भीर ध्यानाकर्षण गराएका हुन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की पूर्व सांसद विन्दवासिनी कंसाकारले पूर्वसूचना नदिई मानवअधिकारको आधारभूत मूल्य र मान्यता पालना नगरी मध्यरातमा घरमा डोजर चलाइएको भन्दै आपत्ति जनाइन् ।

'बिना नम्बरप्लेटको डोजरहरु लिएर उहाँहरुले गैरकानूनी रुपमा घर भत्काउनुभएको छ । मान्छे सुतिरहेकै बेलामा मान्छेलाई एकपटक सूचना समेत नदिइकन नियतबस उहाँहरूले घर भत्काउनुभयो । मानवअधिकारको उल्लंघन गर्नुभएको छ । यो कुरा स्वीकार्य छैन । हेटौंडाको जनताका लागि राज्य कहाँ छ ? राज्यले विध्वंश मच्चाउने सरकारी कर्मचारीलाई कानूनी कारबाही गर्छ कि गर्दैन ?' उनले भनिन् । सडक डिभिजन कार्यालयले हेटौंडा उपमहानगरभित्र पर्ने




राष्ट्रिय लोकमार्गको सडकसीमा संरक्षण कार्यक्रम, २०८२ लाई सर्वोच्च अदालतको उत्प्रेषण आदेशका कारण स्थगित गरेको छ । अदालतले हेटौंडाको सडक विस्तारसम्बन्धी सूचना कार्यान्वयन नगर्न मंसिर १९ गते उत्प्रेषण आदेश दिएको थियो ।

शुक्रबार अदालतको आदेश प्राप्त नभएको दाबी गर्दै डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले आइतबार आदेश प्राप्त भएसंगै विस्तारकार्य स्थगन गरेको जनाएका थिए । शनिबार एकैदिन ७ किलोमिटर सडक सीमाभित्र पर्ने ५ सय घरटहराहरु सांकेतिकरुपमा भत्काएको हो । सडक विस्तारको विरोधमा हेटौंडाका घरधनीले जिल्ला प्रशासन कार्यालय घेराउ गरेका थिए । विरोध प्रदर्शनमा उत्रिएका पीडितले सडक डिभिजनले सर्वोच्च अदालतको आदेशविपरीत घर भत्काएको भन्दै आक्रोश व्यक्त गरेका छन् । उनीहरुले जिल्ला प्रशासन कार्यालय बाहिर नाराबाजी गरेका थिए । एकाबिहानै डोजर चलाएर घर भत्काइनु मानव अधिकारको ठाडो उल्लंघन भएको उनीहरुको आरोप थियो ।

घरटहरा भत्काइएपछि हेटौंडा बजार अहिले अस्तव्यस्त छ । सडककिनार तथा पेटीमा घर भत्काइएका इट्टा तथा सिमेन्टका टुक्रा थुपारिएको छ भने आमसर्वसाधारण सडकबाटै हिँड्न बाध्य छन् । आकस्मिकरुपमा भएको घटनाले व्यवसाय ठप्प हुने जोखिम बढेपछि व्यवपारीले वैकल्पिक उपायस्वरुप खुला आकाशमुनि व्यापार सञ्चालन गर्न थालेका छन् । सुविधाविहीन स्थानमा राखिएका सामान किन्न ग्राहकको भिड पहिलेकै जस्तो छ । भौतिक संरचना गुमेपनि व्यवसाय बचाइराख्न इँटा, ढुंगा, काठकै थुप्रोमाथि बसेर उनीहरुले व्यापार गरिरहेका छन् ।

भौतिक संरचना गुमाए पछि व्यवसाय गुम्ने हो कि भन्ने चिन्ताले खुला व्यापारलाई निरन्तरता दिएको व्यवसायी बताउँछन् । 'व्यापार नै गुम्ने हो कि भन्ने चिन्ता थियो, त्यसैले भत्केको ठाउँमै पसल चलाइरहेका छौं' एक व्यापारीले भने । सडक विस्तारका कारण क्षति पुगेका व्यापार पुन: सञ्चालनका लागि राहत, पुनर्स्थापना र वैकल्पिक व्यवस्थापन गरिदिन उनीहरुले सरकारसँग आग्रह गरेका छन् । एकातिर भत्किएका संरचनाको भग्नावशेष व्यवस्थापन हुन सकेको छैन भने अर्कोतर्फ सवारी आवागमनमा समेत असहजता देखिएको छ ।

यद्यपि हेटौंडा बजार क्षेत्रको भत्किएका संरचना व्यवस्थापनमा स्थानीयबासी लागि परेका छन् । हेटौंडाको मेनरोडदेखि राप्तिरोड तथा पिपलबोटक्षेत्रका स्थानीय भत्किएका घरको सामग्री व्यवस्थापनमा जुटेका छन् । मुख्य बजारक्षेत्रमा सवारी आवागमनमा रोकेर भत्किएका संरचना हटाउन स्थानीय सक्रिय देखिन्छन् । यो कार्यमा सघाउन सडक विस्तार र निर्माण कार्यलाई सहज बनाउन तथा ट्राफिक व्यवस्थापनलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले बजारक्षेत्रमा सवारीसाधन सञ्चालनमा कडाइ गरेको छ ।

बुधवारदेखि हेटौंडाको मुख्य बजारक्षेत्रको बुद्धचोकदेखि चौकीटोलओरालोसम्म बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म सवारीसाधन आवागमनमा रोक लगाइएको छ । निर्माणकार्य छिटो सक्न मद्दत पुग्ने अपेक्षा सहित सवारी डाइभर्ट गरेर संरचना हटाउने काम भइरहेको हो । बजार क्षेत्रलाई कुरुप र दुर्गन्धित हुन नदिन हेटौंडा उपमहानगरपालिकाले पनि सक्रियता देखाएको छ । उपमहानगरले सडकमा थुप्रिएका फोहोर र भग्नावशेष संकलनकार्यलाई तीव्रता दिएको छ भने डोजर र ट्रिपरको प्रयोग गरी सडक सफा गर्ने काम भइरहेको छ ।

# नेपाल जेसीजको राष्ट्रिय उपाध्यक्षमा पालुङका कार्कीको उम्मेद्वारी

साझाकुरा संवाददाता



हेटौंडा, २५ मंसिर/ नेपाल जेसीज वर्ष २०२६ को लागि राष्ट्रिय उपाध्यक्ष पदमा पालुङ जेसीज वर्ष २०२५ का अध्यक्ष माधव कार्कीले उम्मेद्वारी दिएका छन् ।

राष्ट्रिय उपाध्यक्ष पदका उम्मेद्वार कार्कीले पालुङ जेसीजमा २०१५ मा जेसीज सदस्यता लिएका थिए । सन् २०१६ देखि २०१९सम्म साधारण सदस्य रहेका कार्कीले २०२० मा भरतरत्न छात्रबृत्ति कार्यक्रमको कार्यक्रम संयोजकको भूमिका निभाएका थिए । कार्कीले पालुङ जेसीजको सन् २०२१ मा उपाध्यक्ष, २०२२ मा शाखा सम्पादक, २०२३मा कोषाध्यक्ष र वर्ष २०२५ मा शाखा अध्यक्षको जिम्मेवारी सफलतापूर्वक पुरा गरेका छन् । मकवानपुरको उत्तरीक्षेत्रमा अबस्थित थाहा नगर पालिका-२ मा स्वर्गीय पिता श्यामबहादुर कार्की र माता राधादेबी कार्कीको कोखबाट मिति २०४९ सालमा जन्मेका कार्की सामाजिक कार्यमा सक्रिय छन् ।

कार्की होमस्टे महासङको केन्द्रीय सचिवालय सदस्य, मुक्तिनाथ हरियाली कृषि सहकारी सस्था थाहा-२ को अध्यक्ष, पाथीभरा क्षेत्र संरक्षण समिति थाहा-२ का अध्यक्ष, डाँडाघरे बाको होमस्टेको संचालक, डाँडाघरे कृषि तथा एग्रो टुरिजमको प्रोपाइटर, लायन्स क्लव आफ थाहा पिसका सदस्य, थाहानगर होटेल एसोसियसनका वरिष्ठउपाध्यक्ष एवम् होमस्टे सम्वन्धी कुशल र अनुभबी प्रशिक्षक हुन् । नेपाल जेसीज वर्ष २०२६ का लागि राष्ट्रिय उपाध्यक्ष पदमा उम्मेद्वारी दिएपछि कार्कीले पालुङ जेससीजलाई देशभर परिचित गराएर थाहानगरको विकासमा अन्यक्षेत्रको अभ्यास र अनुभवलाई अध्ययन गरी थाहानगरमा कार्यान्वयनका लागि पहल गर्ने बताए ।

उनले जेसीज युवाको क्षमताको विकाससँगै सामाजिक नेतृत्वमा अगाडि बढाउने संस्था भएको बताए । कार्कीले आफू नेपाल जेसीजको राष्ट्रिय अध्यक्ष बन्ने अभियानमा रहेकोले यसवर्ष उपाध्यक्ष पदमा उम्मेद्वारी दिएको बताए । नेपाल जेसीजको जनकपुरमा पुस ४ गतेदेखि ७ गतेसम्म आयोजना हुने ५२ औं महाधिवेशनले वर्ष २०२६ का लागि नयाँ नेतृत्व चयन गर्नेछ ।

# भीमफेदीबाट ४७० किलो गाँजा र पिकअप बरामद, चालक फरार

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ मकवानपुर प्रहरीले भीमफेदी गाउँपालिका-३ पान्द्राङस्थित भित्री बाटोबाट ठूलो मात्रामा गाँजा बरामद गरेको छ ।

बिहीबार बिहान ४७० किलो गाँजा सहित बा १७ च ४२ नम्बरको बोलेरो पिकअप नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीकाअनुसार कालिटार-नामटार क्षेत्रमा रातिको समयमा प्रतिबन्धित लागूऔषध ओसारपसार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा खटिएको विशेष प्रहरी टोलीले नामटारबाट भैसेतर्फ आउँदै गरेको सो गाडीलाई रोकेको थियो । तर, चालकले गाडी रोक्न नमानेपछि प्रहरीलाई शंका लागेर पछ्याउने क्रममा गाडी पान्द्राङको ढुंगा खानी जाने बाटोमा लक गरिएको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

रितपूर्वक चेकजाँच गर्दा गाडीको पछाडिको ढालामा राखिएका १७ बोराभित्र ५० वटा पोकामा प्याक गरिएको गाँजा भेटिएको प्रहरीको भनाइ छ । गाडी चालक भने फरार रहेको र चालक, सवारीधनी तथा संलग्न व्यक्तिको खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुर सूचना अधिकारी तथा प्रहरी निरीक्षक राजुप्रसाद कुर्मीले बताए । प्रहरीले बरामद सामग्रीसहित लागूऔषध मुद्दामा आवश्यक कारबाही अगाडि बढाएको बताइएको छ ।

# नेपाल अटो ई-रिक्सा संघमा गौतम



साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ नेपाल अटो ई-रिक्सा व्यवसायी संघ मकवानपुर जिल्लाको अध्यक्ष पदमा भीमप्रसाद गौतम सर्वसम्मत चयन भएका छन् ।

संघको विहीबार हेटौंडामा भएको ८ औं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनबाट गौतमको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति चयन भएको हो । गौतमले यसअघि तीन कार्यकाल सञ्चालन गरिसकेका छन् । विहीबारको भेलाले पुन: चौथो कार्यकालको लागि उनलाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो । संघको दुई वर्षको एक कार्यकाल हुने व्यवस्था छ ।

संघका अध्यक्ष नवराज घिमिरेको सभाध्यक्षता तथा नेपाल राष्ट्रिय यातायात महासंघका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद सिटौलाको प्रमुख आतिथ्यतामा भएको भेलाले उपाध्यक्षमा होमलाल देउला, सचिव भीमबहादुर पाखिन, कोषाध्यक्ष गोविन्दप्रसाद तिमल्सिनासहित सदस्यहरु फणेन्द्र सञ्जेल, उत्तम अधिकारी, सूर्यबहादुर थिङ, टेकप्रसाद न्यौपाने र हरिप्रसाद न्यौपानेलाई सर्वसम्मत चयन गरेको हो ।

वि.सं. २०७३ सालमा स्थापना भएको संघमा हाल चारसय ९७ जना व्यवसायीहरु सदस्य रहेका छन् । संघमा अटो, विद्युतीय ई-रिक्सा सदस्य हुने व्यवस्था छ ।

कार्यक्रममा नारायणी यातायात व्यवसायी संघका महासचिव सरोज खनाल, नारायणी यातायात कम्पनी प्रा.लि.का सञ्चालक माधवप्रसाद अधिकारी, नेपाल यातायात राष्ट्रिय महासंघका सहकोषाध्यक्ष अर्जुनप्रसाद गौतम, नेपाल यातायात राष्ट्रिय महासंघका मकवानपुर संयोजक ज्ञानेन्द्रबहादुर कार्की, केन्द्रीय सदस्य रञ्जना बर्तौला, जिल्ला ट्राफिक कार्यालय मकवानपुरका प्रमुख बच्चुराम फुयाँलगायतले यात्रुहरुको सेवामा अटो र ई-रिक्साले निकै ठूलो भूमिका निर्वाह गरेकोले अझै जिम्मेवार भएर यात्रुसेवामा लाग्न सुझाव दिएका थिए ।

# जेनजी आन्दोलनमा साढे ८४ अर्ब बराबर क्षति



साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ जेनजी आन्दोलनमा भएको क्षतिको मूल्यांकन तथा सार्वजनिक संरचनाको पुन:निर्माण योजना तयार गर्न गठित समितिले प्रतिवेदन प्रधानमन्त्री सुशीला कार्कीसमक्ष पेश गरेको छ ।

समितिका संयोजक एवं राष्ट्रिय योजना आयोगका सचिव र विलाल पन्थले बिहीवार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकमा प्रतिवेदन सारांशको प्रश्तुतीकरण गरे । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गत असोज ५ गते यो समिति गठन भएको थियो । समितिले ७५ दिनमा प्रतिवेदन बुझाएको हो । समितिकाअनुसार जेनजी आन्दोलनका क्रममा सातै प्रदेशमा क्षति भएको थियो । यस्तो क्षति हुने जिल्ला ५४ र स्थानीय तह २६२ रहेका छन् । प्रतिवेदन अनुसार भदौ २३ गते २० जना, २४ गते ३७ जना र त्यसपछि २० जना गरी कुल ७७ जनाको ज्यान गएको छ ।

२ हजार ४२९ जना घाइते भएकामा १७ जना १३ वर्षमुनिका छन् । १३ देखि २८ वर्षका १४३३ जना घाइते भएको प्रतिवेदनमा उल्लेख छ । समग्र भौतिक क्षति हेर्दा ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ बराबरको भएको समितिको मूल्यांकन छ । जसमध्ये प्रभावित निकाय/संस्था २१६८ छन् । २६७१ भवनहरुमा क्षति पुगेको छ । जसमा क्षतिको मूल्यांकन ३९ अर्ब ३१ करोड ७५ लाख रुपैयाँ बराबर रहेको छ । १२ हजार ६५९ वटा सवारीसाधन क्षतिग्रस्त हुँदा १२ अर्ब ९३ लाख ६१ हजार रुपैयाँबराबरको नोक्सान हुन पुगेको छ ।

सरकारी/सार्वजनिक क्षेत्रको ४४ अर्ब ९३ करोड ७३ लाख रुपैयाँ बराबरको क्षति पुगेको छ । निजी क्षेत्रको क्षतिको मूल्यांकन ३३ अर्ब ५४ करोड ८७ लाख रुपैयाँ बराबर छ । सामुदायिक तथा अन्य क्षेत्रको ५ अर्ब ९७ करोड १७ लाख रुपैयाँ बराबरको क्षति भएको छ । सरकारी क्षतिमा तीन तहमध्ये संघीय सरकारको ६८ प्रतिशत छ भने प्रदेश र स्थानीय तहको क्रमश: १० र २२ प्रतिशत छ । समितिले पुनर्निर्माण कार्ययोजना पनि पेस गरेको छ । पुनर्निर्माण गर्न ३६ अर्ब ३० करोड २१ लाख रुपैयाँ बराबरको बजेट आवश्यक पर्ने अनुमान गरिएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५१०३३३

साझाकुरा

## हाम्रो कुरा

# थाहामा पर्यटकीय पूर्वाधार

मकवानपुरको पर्यटकीय क्षेत्रलाई थोरै ब्यवस्थित गरी प्रभावकारी बजारीकरण गर्ने हो भने पर्याप्त सम्भावना देखिन्छ तर, त्यसो हुन सकेको छैन । भर्खरै सीमभन्ज्याङ चक्रीय पदमार्गको सुभारम्भ भएको समाचार आएको छ जुन एकदसक अघिदेखि बहस भएको थियो । तत्कालीन जिल्ला विकास समितिले हेटौंडाबाट अग्रजहरुलाई सीमभन्ज्याङसम्म गाडीमा लगेर त्यहाँबाट फापरबारी हुँदै देउरालीसम्मको पदयात्राको परीक्षण गरेको थियो । त्यस्तै सीमभन्ज्याङबाट सानोमार्खु हुँदै मार्खुस्थित ईन्द्रसरोवर निस्कने पदमार्ग पनि सफल परीक्षण गरिएको थियो । तत्कालीन प्रमुख जिल्ला अधिकारी दिनेश भट्टराई, स्थानीय विकास अधिकारी भुवनप्रकाश बिष्ट, संविधानसभा सदस्य अनन्त पौडेल, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष भानुभक्त आचार्यलगायत २५ जना भन्दा बढीको टोलीले पदयात्रा गरेका थिए । जिल्ला विकास समितिका सामाजिक विकास अधिकृत रामकृष्ण थापा, पत्रकार प्रताप विष्टलगायत सहभागी भएको यो पदयात्रा टोलीलाई फापरबारीमा स्थानीयले स्वागत गरेका थिए । यही कुरा अहिले इतिहास बनेको छ । नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले समग्र मकवानपुरको पर्यटन प्रवर्द्धनमा बोर्डले सहयोग गर्दै आएको बताए । उत्तरी मकवानपुरको पर्यटन प्रवर्द्धनका सवालमा तत्कालीन स्थानीय विकास अधिकारी भुवनप्रकाश विष्टको योगदानलाई भुल्न नहुने बताएका छन् ।

हामीले बिगतमा भएका काम सबै भुल्ने र बर्तमानमा मात्र रमाउने हो भने सामाजिक एकता गुम्दै जानेछ । सन् २०१४ मा नेपालकै पहिलो पर्यटकीय गाउँकारुपमा चित्लाङलाई घोषणा गरेर यसक्षेत्रको प्रवर्द्धनलाई पर्यटन बोर्डले सहयोग पु¥याउँदै आएको छ । भुवनप्रकाश विष्ट मकवानपुरको स्थानीय विकास अधिकारी हुँदा पर्यटन प्रवर्द्धनमा धेरै कामको सुरुवात भएको थियो । दामन–सीमभज्याङबाट लालीगुराँस पदमार्ग र सुनगाभा (अर्किड) पदमार्गको त्यतीबेलै परिकल्पना गरी घोषणा गरिएको थियो । मकवानपुरको पर्यटकीय क्षेत्र थाहा नगरपालिकास्थित सीमभञ्ज्याङमा अर्किड ट्रेल (सुनाखरी चक्रीय पदमार्ग) को शुभारम्भ गरिएको समाचार भर्खरै आएको छ । सीमभन्ज्याङमा एक कार्यक्रमको आयोजना गरी बागमती प्रदेशका सांसद तथा पूर्व सामाजिक विकासमन्त्री कुमारी मोक्तानले पदमार्गको शुभारम्भ गरेकी हुन् । सांसद मोक्तानले पदमार्गको नक्शा सार्वजनिक गर्दै पदमार्गको शुभारम्भ गर्दै पदमार्गले उत्तरी मकवानपुरको पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने बताइन् । उनले धार्मिक साँस्कृतिक, ऐतिहासिक कुराहरु जस्तै पदमार्गले पनि पर्यटन प्रवर्द्धनमा योगदान दिने चर्चा गरिन् । पदमार्गलाई सबैले मिलेर प्रचारप्रसारमा ल्याउनु पर्ने सांसद मोक्तानको भनाइ थियो । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले थाहा नगर पालिका र आसपासको पालिकाहरुको पर्यटन प्रवर्द्धनमा सहयोग गर्दै आएकोमा यसलाई निरन्तरता दिने उल्लेख गरे । गत आर्थिक वर्षमा मात्र पनि पर्यटकीय क्षेत्रको डकुमेन्ट्री तयार गरेर सहयोग पु¥याएको प्रमुख घलानको भनाइ थियो । थाहा नगर प्रमुख विष्णुबहादुर विष्टले नगरपालिकाले अन्य क्षेत्रमा जस्तै पर्यटन प्रवर्द्धनलाई विशेष प्राथमिकतामा राखेर काम गर्दै आएको बताए । विष्टले पर्यटन क्षेत्रलाई उद्योगकै रुपमा विकास गर्न आफू सँधै सकारात्मक रहेको बताए ।

यसका लागि संरचनागत विकास र अतिथि सत्कारलगायतको क्षेत्रमा पालिकाले लगानी गर्दै आएको उल्लेख गरे । नगरपालिकाले आन्तरिक पर्यटक भित्र्याउन विविध प्रचारात्मक काम गर्दै आएको उल्लेख गर्दै भारतीय पर्यटक भित्र्याउन 'भीमफेदीको पान्द्राङ–सीमभन्ज्याङ केवल कार' को अवधारणा अघि सारेको सुनाए । कार्यक्रममा पर्यटनविज्ञ हुम गुरुङले पर्यटकका लागि रैथाने परिकारबाट आकर्षित गर्न सकिने बताए । म्याप हाउसका पवन शाक्यले धेरै मिहिनत गरेर 'अर्किड ट्रेल'को परिकल्पना तयार पारेको बताए । उनले १० वर्षको मिहेनतले यो ट्रेलको म्यापिङ गरिएको बताए । तर, यही काम एक दसक अघि जिल्ला विकास समितिको समन्वयमा भएको थियो । बिगतमा गरिएको प्रयासले सार्थकता किन पाएन भन्ने विषयमा खोजी गर्नु जरुरी छ । स्थानीय होटल ब्यवसायीलाई तालिम दिन पर्ने हो कि ? पर्यटकका लागि आवश्यक न्यूनतम सुबिधा नपुगेको हो कि ? यस्ता विषयमा अध्ययन अनुसन्धान जरुरी छ । भारतीय सहर पटनाको चर्को गर्मी छल्न दामन, सीमभन्ज्याङ, अघोर क्षेत्र उपयुक्त मानिन्छ । तर, यो क्षेत्रमा पर्यटकका लागि आवश्यक हसपिटालिटी नभएको भारतीय पर्यटकहरुले गुनासो गरेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर २७ गते शनिबार १३ डिसेम्बर २०२५ । नवमी, पौष कृष्णपक्ष । थिंलागा ११४६ ने.सं. । सूर्योदय ६:४७ सूर्यास्त ५:०८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | **तुला** | : रोकिएका काम सम्पादन हुनेछन् |
| **वृष** | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | **वृश्चिक** | : पठन–पाठनमा प्रगति हुनेछ |
| **मिथुन** | : शुभ समाचार मिल्नेछ | **धनु** | : सभा–समारोहमा अवसर मिल्नेछ |
| **कर्कट** | : व्यापार लाभप्रद रहनेछ | **मकर** | : आत्मविश्वासमा कमी आउनेछ |
| **सिंह** | : सन्तानको चिन्ता बढ्नेछ | **कुम्भ** | : व्यापारमा हानि हुन सक्नेछ |
| **कन्या** | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | **मीन** | : समाजमा सराहना हुनेछ |

# गौरवगाथादेखि भग्नावशेषसम्म : रुग्ण उद्योगहरूको पुनर्जीवन मार्गचित्र



✍ राजन कुमार झा

एकछिन रोकिएर त्यो सुनौलो समयको कल्पना गरौं, जब देशका कुनाकुनामा रहेका कारखानाका चिम्नीबाट धुवाँ होइन, विकासको सपनाले उडान भर्थ्यो। जब वीरगञ्जको हावामा उखुको गुलियो बास्नाले किसानको मुस्कानमा मिठास थप्थ्यो, जब 'याक' र 'देउराली' को नामले हरेक घर–पसलमा स्वदेशी उत्पादनको सामर्थ्य र गौरवको परिचय दिन्थ्यो, जब हेटौंडाको कपडाले हजारौंको शरीरमात्र होइन, स्वाभिमान पनि ढाक्थ्यो र जब काठमाडौंको बाँसबारी छाला जुत्ताले आत्मनिर्भरताको बाटोमा दरिला पाइला चाल्थ्यो । ती केवल उद्योग थिएनन्, अपितु ती हजारौं घरको चुल्हो बाल्ने, स्थानीय बजार चलायमान बनाउने र नेपाल आफैं केही गर्न सक्छ भन्ने विश्वासका जीवित प्रमाण थिए । यो त्यो समय थियो जब औद्योगिकीकरण केवल शब्द थिएन, यो राष्ट्रिय स्वाभिमान र सामूहिक प्रगतिको धडकन थियो ।

तर, समयसँगै त्यो सपनाको धागो चुँडियो । नेपालको पहिलो उद्योग विराटनगर जुट मिलदेखि किसानलाई सशक्तीकरण गर्ने कृषि औजार कारखाना, कपडा उद्योगलाई धागो दिने बुटवल धागो कारखाना र उखु किसानको आशाको केन्द्र वीरगञ्ज चिनी कारखानासम्मका प्रतिष्ठान आज मौन भग्नावशेषमा परिणत भएका छन् । ती भग्नावशेषको मौनताबाट हाम्रो वर्तमानलाई घोच्ने यी प्रश्न जन्मन्छन् स् निजी क्षेत्र मौलाइरहँदा, राज्यकै संरक्षण पाएका उद्योग किन एक–एक गर्दै निभ्दै गए रु कुनै बेला बजारमा एकछत्र राज गरेका सिमेन्ट उद्योग आज कसरी प्रतिस्पर्धाबाट बाहिरिए रु र अन्तर्राष्ट्रिय आकाशमा नेपालको उपस्थिति जनाउने वायुसेवा निगम राष्ट्रिय गौरवबाट राष्ट्रिय बोझमा कसरी परिणत भयो ? यो लेख यिनै प्रश्नहरूको जवाफ खोज्ने प्रयास हो ।

**संस्थागत असफलता : नीतिगत र प्रणालीगत गल्तीको परिणाम**

सरकारी उद्योगहरूको पतन कुनै आकस्मिक घटना वा व्यवस्थापकीय कमजोरीको मात्र परिणाम होइन, यो स्वयं राज्यले व्यवसाय सञ्चालन गर्ने मोडलमा रहेको एक गहिरो र प्रणालीगत त्रुटिको नतिजा हो । यसको असफलताको जड 'राज्यले किन र कहिलेसम्म व्यवसाय गर्ने ?' भन्ने आधारभूत प्रश्नमा लुकेको छ, जसको जवाफ समयको परिवर्तनसँगै बदलिएको छ ।

**राज्यले किन र कहिलेसम्म व्यवसाय गर्ने ?**

विगतमा राज्यले व्यवसाय सञ्चालन गर्नुका पछाडि बलियो तर्क थियो । दोस्रो विश्वयुद्धपछिको युग र विकासशील राष्ट्रहरूले स्वतन्त्रता प्राप्त गरेपछि राष्ट्रिय औद्योगिकीकरणलाई गति दिन राज्यको हस्तक्षेप अपरिहार्य मानिन्थ्यो, किनभने निजी क्षेत्रसँग ठूलो मात्रामा लगानी गर्न सक्ने पूँजी र आधुनिक प्रविधि दुवै अभाव थियो । साथै, पूर्वाधार र आधारभूत उद्योगहरू (जस्तै : सिमेन्ट, चिनी, कपडा) जोखिमपूर्ण र ठूलो लगानी आवश्यक पर्ने भएकाले निजी क्षेत्र यस्तो जोखिम उठाउन तयार थिएन ।

यसै सन्दर्भमा नेपालमा पनि विराटनगर जुट मिलसहित सरकारी कारखाना तथा संस्था अस्तित्वमा आए । यस किसिमको सरकारी स्वामित्व, जसलाई कतिपयले 'समाजवादी ढाँचा' को आर्थिक मोडेल पनि भन्ने गर्थे, त्यो समयको आवश्यकता थियो । यी संस्थानहरूले बजारमा एकाधिकार स्थापित गर्न र आयात प्रतिस्थापन गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरे ।

**वर्तमानको विरोधाभास : बदलिएको भूमिका**

आज विश्वव्यापी अर्थतन्त्रमा सरकारी व्यवसायको पुरानो मोडेल पूर्णरूपमा बदलिएको छ । अहिले निजी क्षेत्रसँग पर्याप्त पूँजी, अन्तर्राष्ट्रिय प्रविधिमा पहुँच, कुशल व्यवस्थापकीय जनशक्ति, अन्तर्राष्ट्रिय बजारमा पहुँच, मार्केटिङ र ब्रान्डिङको उत्कृष्ट क्षमता र जोखिम बहन गर्ने क्षमता छ, जसको प्रमाण नेपालकै निजी क्षेत्रले सिमेन्ट, औषधि, इन्स्ट्यान्ट नुडल्स ९चाउचाउ०, कपडा र धागोजस्ता उद्योगलाई सफल र प्रतिस्पर्धी बनाएर दिएको छ ।

निजी क्षेत्रको कुशल व्यवस्थापनको एउटा दृष्टान्तका रूपमा सिमेन्ट उद्योगलाई लिन सकिन्छ, जहाँ निजी क्षेत्रले सिमेन्टमा देशलाई आत्मनिर्भर बनाउँदै सिमेन्टमात्र होइन, यसको कच्चापदार्थ क्लिंकर समेत निर्यात गरेर आत्मनिर्भरता तथा निर्यातमा नयाँ आयाम थपेको देखिन्छ । यसरी निजी क्षेत्रले औद्योगिक फड्को मारिरहँदा, राज्य संरक्षित उद्योगहरूको औचित्यमाथि भने लज्जास्पद तथा गम्भीर प्रश्न खडा भएको छ । यस्तो बदलिँदो आर्थिक परिवेशमा राज्यले व्यवसाय सञ्चालन गर्ने पुरानो मोडेल निम्न दुई मुख्य आधारमा असफल हुन पुगेको छ ।

**पहिलो : बजार अनुशासन अभाव**

निजी क्षेत्र नाफा नोक्सानको कठोर बजार अनुशासनमा चल्छ, असफल भए कम्पनी बन्द हुन्छ वा स्वामित्व परिवर्तन हुन्छ । नाफा कमाउनु नै उनीहरूको एकमात्र धर्म हो । तर, सरकारी उद्योगहरू राजनीतिक संरक्षणमा बाँच्छन् र असफलताबाट सधैं सुरक्षित रहन्छन् । उदाहरणका लागि बेलायतकी पूर्वप्रधानमन्त्री मार्गरेट थ्याचरले घाटामा गएका सरकारी कम्पनी (जस्तै, ब्रिटिश टेलिकम) लाई निजीकरण गरेर बजार अनुशासनमा फर्काएकी थिइन्, जसले दक्षता र प्रतिस्पर्धा दुवै बढायो । यसको ठिक विपरीत नेपालमा कमजोर प्रदर्शन गर्ने सरकारी कम्पनीलाई राज्यकोषबाट अनुदान दिएर कृत्रिम रूपमा जीवित राखिन्छ । यो अनुशासनहीनताले बजार विकृत बनाउँछ र निजी कम्पनीलाई समेत निरुत्साहित गर्छ ।

**दोस्रो : जवाफदेहिता संकट**

निजी क्षेत्रको व्यवस्थापन लगानीकर्ता र बजारप्रति प्रत्यक्ष जवाफदेही हुन्छ, तर सरकारी उद्योगको नेतृत्वले संस्थाको व्यावसायिक हितभन्दा आफूलाई नियुक्त गर्ने राजनीतिक शक्तिलाई प्राथमिकता दिएको प्राय: देखिएको छ । यहाँ 'राजनीतिक लाभ' व्यावसायिक 'नाफा' भन्दा माथि हुन्छ । यसको ज्वलन्त उदाहरणका रूपमा नेपालका सार्वजनिक संस्थानहरूमा व्यावसायिक योग्यता पूर्णरूपमा बेवास्ता गरी राजनीतिक पहुँचका आधारमा कार्यकारी प्रमुख तथा सञ्चालक समिति अध्यक्ष नियुक्त गर्ने परम्परालाई लिन सकिन्छ । व्यावसायिक योग्यता नभएका तर राजनीतिक पहुँच भएका व्यक्तिलाई संस्थाको नेतृत्व सुम्पिँदा संस्थागत दूरदृष्टि र कुशल व्यवस्थापनको सधैं अभाव रह्यो ।

यस्तो कमजोर नेतृत्व संरचनाको प्रत्यक्ष दुष्परिणाम स्वरूप संस्थाहरू भित्रभित्रै खोक्रो बन्दै गए । निजी क्षेत्रले कुशल व्यवस्थापन मार्फत सिमेन्टमा देशलाई आत्मनिर्भर बनाउँदै निर्यात गर्न थाल्यो, तर हेटौंडा र उदयपुर सिमेन्ट कमजोर व्यवस्थापन र राजनीतिक हस्तक्षेपका कारण प्रतिस्पर्धाबाट बाहिरिए । त्यसैगरी स्थायी जागिरको आडमा रहने न्यून उत्पादकत्व र अव्यावसायिक ट्रेड युनियन गतिविधिहरूले कामदारलाई जिम्मेवारविहीन बनाउँदै गए र यी ट्रेड युनियनहरू व्यावसायिक हितभन्दा राजनीतिक भागबन्डा र सुविधामा केन्द्रित हुँदा हेटौंडा कपडा उद्योग, विराटनगर जुट मिल लगायत गौरवशाली संस्था धराशायी बने ।

**"सफ्ट बजेट कन्स्ट्रेन्ट" र गैरजिम्मेवारीको संस्थागतकरण**

सरकारी उद्योगहरूको संस्थागत क्षयको मुख्य कारण त्रुटिपूर्ण वित्तीय नीति हो, जसलाई अर्थशास्त्रमा 'सफ्ट बजेट कन्स्ट्रेन्ट' भनिन्छ । यो नीतिले घाटा भए पनि अनुदान दिएर उद्योगलाई 'खुला चेक' जस्तै सुविधा दियो । व्यवस्थापनलाई राज्यले अन्तत: उद्धार गर्छ भन्ने थाहा भएकाले यसले सुधार गर्ने आवश्यकता पूर्णरूपमा निरुत्साहित गर्दै गयो । फलस्वरूप, 'सफ्ट बजेट' ले गैरजिम्मेवारी संस्थागत गर्दै उद्योगलाई कहिल्यै निको नहुने ऋणको दुष्चक्रमा फसाउँदै गयो । यो राज्य नियन्त्रित अर्थतन्त्रको चिरपरिचित विश्वव्यापी कमजोरी हो । विगतमा सोभियत संघ विघटनका मुख्य कारणमध्ये एक यही 'सफ्ट बजेट कन्स्ट्रेन्ट' थियो, जसले त्यहाँका उद्योगलाई रुग्ण बनायो । फरक यत्ति हो कि नेपाल अहिले पनि त्यही गल्ती दोहोऱ्याइरहेको छ र इतिहासबाट पाठ सिक्न सकेको छैन ।

**राज्यकोषमा निरन्तरको व्ययभार र "मृत पूँजी" को समस्या**

नेतृत्व असफलता र नीतिगत उदासीनताको परिणाम केवल उद्योगहरू बन्द हुनुमात्र भएन, यसले राष्ट्रिय ढुकुटीमा निरन्तर बढ्दो व्ययभार र कहिल्यै निको नहुने आर्थिक क्षति सिर्जना गरेको देखिन्छ । यी रुग्ण उद्योग केवल बन्द संरचना होइनन्, राष्ट्रिय ढुकुटीमा निरन्तर बढ्दो व्ययभार र कहिल्यै पूर्ति नहुने आर्थिक क्षतिको दिर्घकालीन स्रोत बनेका छन्, जसले मुलुकलाई आर्थिक रूपले झनै रुग्ण र ऋणको दुष्चक्रमा आधारित अर्थतन्त्रतर्फ धकेलिरहेका छन् ।

महालेखा परीक्षकको प्रतिवेदन अनुसार सार्वजनिक संस्थानहरूको सञ्चित नोक्सान र दायित्व डरलाग्दो अवस्थामा छ । नेपाल वायुसेवा निगमको कुल ऋण दायित्व ५४ अर्ब नाघिसकेको छ, जसले यसलाई राष्ट्रिय गौरवबाट राष्ट्रिय बोझमा परिणत गरिदिएको छ । यी उद्योग जीवित राख्न वा कर्मचारीलाई तलब खुवाउन मात्रै पनि सरकारले हरेक वर्ष राष्ट्रिय बजेटबाट अर्बौं रुपैयाँ विनियोजन गर्नुपर्छ । यो रकम शिक्षा, स्वास्थ्य र ग्रामीण पूर्वाधारमा लगानी हुनुपर्नेमा, राजनीतिक नियुक्ति र भ्रष्टाचारले थला परेका उद्योगलाई कृत्रिम श्वास दिनमा खर्च भइरहेको छ ।

यसको अर्को डरलाग्दो पक्ष 'मृत पूँजी' को समस्या हो । जनकपुर चुरोट कारखाना र वीरगञ्ज चिनी कारखानाले आज पनि देशका प्रमुख सहरमा अर्बौं मूल्य पर्ने सयौं बिघा जमिन ओगटेर राखेका छन् । यो सम्पत्ति न उत्पादनशील काममा प्रयोग भएको छ, न यसले कुनै राजस्व सिर्जना गरेको छ । यो दुष्चक्रलाई दण्डहीनताको संस्कृतिले थप बलियो बनाएको छ, जहाँ अर्बौंको राष्ट्रिय सम्पत्ति नोक्सान गर्ने कुनै पनि मन्त्री, सचिव वा संस्थान प्रमुखलाई आजसम्म ठोस कारबाही गरिएको छैन । जबसम्म संस्थान डुबाउनेहरूलाई जेल र नाफामा लैजानेहरूलाई पुरस्कारको व्यवस्था हुँदैन, तबसम्म सुधारको अपेक्षा गर्नु मूर्खता मात्र हो ।

**रुग्णताको ऐना : प्रमुख उद्योगहरूको विश्लेषण**

सरकारले २०७७ सालमा गठन गरेको एक अध्ययन समितिले नै यी उद्योगको रुग्ण अवस्थाबारे तथ्यसहित उजागर गरेको थियो । तर, त्यसयता अवस्था झनै बिग्रिएको छ र हालको तथ्यांकले ९२०८२ साउनसम्म० वित्तीय रक्तश्राव निरन्तर रहेको देखाउँछ, जसको गहिराइ निम्न अनुसार छ :

**सिमेन्ट उद्योगको विरोधाभास (उदयपुर र हेटौंडा)**

२ सय वर्षभन्दा बढीलाई पुग्ने चुनढुंगा खानी भए पनि दुवै उद्योग कुप्रबन्धनको शिकार बने । उदयपुर सिमेन्टको खुद सम्पत्ति ९१ करोड ऋणात्मक छ र सञ्चित घाटा करिब ४ अर्ब ८५ करोड पुगिसकेको छ । हेटौंडा सिमेन्टको सञ्चित घाटा पनि ५५ करोड १६ लाख छ । निजी क्षेत्रले फड्को मार्दा यी उद्योग पुरानो प्रविधि र कमजोर व्यवस्थापनका कारण प्रतिस्पर्धाबाट बाहिरिएका छन् ।

**औषधि उद्योगको पीडा (नेपाल औषधि लिमिटेड)**

निजी क्षेत्र फस्टाउँदा राष्ट्रिय गौरवको यो उद्योगले समयमै 'डब्लूएचओ–जीएमपी' जस्ता नियामकीय मापदण्ड पूरा गर्न नसक्दा बजार गुमाउन पुग्यो । यसको मुख्य बाधक पुरानो प्रविधि, कमजोर व्यवस्थापन र सरकारी ढिलासुस्ती नै हो ।

**असफल साझेदारी (नेपाल ओरियन्ड म्याग्नेसाइट)**

यो उद्योग सार्वजनिक–निजी साझेदारीको नमिठो अनुभव बन्यो । कानुनी विवाद, व्यवस्थापकीय कमजोरी र इच्छाशक्ति अभावले उत्पादन सुरु नगरी बन्द भयो । हाल यसको खुद सम्पत्ति ४ अर्ब १३ करोड ऋणात्मक छ ।

**बजार छ, प्रविधि छैन (गोरखकाली रबर उद्योग)**

बजारमा टायरको माग हुँदाहुँदै पुरानो प्रविधि विस्थापित गरी आधुनिक रेडियल प्रविधि भित्र्याउन नसक्दा यो उद्योग बन्द भयो । यसको असफलताले आव २०८१/८२ मा मात्रै नेपालले टायर आयातमा कुल १३ अर्ब ३२ करोड विदेश पठाएको छ ।

**राष्ट्रिय बोझ (नेपाल वायुसेवा निगम)**

५४ अर्ब रुपैयाँभन्दा बढी ऋणको बोझ बोकेर राष्ट्रिय गौरवबाट राष्ट्रिय बोझमा परिणत भइसकेको निगमको पुनरुत्थानका लागि तीन स्पष्ट कदम छन् स् ऋणलाई सेयरमा परिणत गरी वित्तीय पुनर्संरचना गर्ने, अन्तर्राष्ट्रिय वायुसेवालाई रणनीतिक साझेदार बनाएर व्यवस्थापन हस्तान्तरण गर्ने र राजनीतिक हस्तक्षेप पूर्णरूपमा अन्त्य गर्ने ।

**नीतिगत बन्दी (जनकपुर चुरोट कारखाना)**

सूर्तिजन्य पदार्थमा लगानी निरुत्साहित गर्ने सरकारी नीतिका कारण यो उद्योग पुन: सञ्चालन हुन सक्दैन । यसलाई पुनरुत्थानको सपना देख्नुभन्दा पारदर्शी रूपमा खारेजीमा लैजानु नै उत्तम विकल्प हो । सरकारले २०८२ वैशाख १५ गते (अप्रिल २८, २०२५) मा यसलाई औपचारिक रूपमै खारेज गर्ने निर्णय गरिसकेको छ ।

**अन्य उद्योगको साझा नियति**

यी र यस्ता अन्य दर्जनौं उद्योगको कथा पनि उस्तै छ । दशकौं पुरानो प्रविधि, कमजोर व्यवस्थापन, र कानुनी तथा श्रम विवादको जंजाल । यिनीहरू अधिकांश 'मृत पूँजी' का रूपमा रहेका छन्, जसले देशको सम्पत्ति ओगटेका छन् तर कुनै उत्पादन दिएका छैनन् । यीमध्ये पूर्ण रुग्ण अवस्थामा रहेका बुटवल धागो कारखाना, नेपाल ओरियन्ड म्याग्नेसाइट र नेपाल मेटल कम्पनीलाई समेत सरकारले जनकपुर चुरोट कारखानासँगै औपचारिक खारेजीका लागि सम्पत्ति व्यवस्थापन गर्ने प्रक्रिया अगाडि बढाएको छ। यी उद्योगका लागि अब एउटै एकीकृत र कठोर निर्णय आवश्यक छ ।

एक स्वतन्त्र प्राविधिक टोलीमार्फत कुन–कुन उद्योग कुनै पनि हालतमा चल्न सक्दैनन् भन्ने अन्तिम पहिचान गरी, तिनीहरूका सबै दायित्व (कर्मचारीको बक्यौता आदि) एकमुष्ट फर्स्योट गरेर तत्काल खारेजीमा लैजानुपर्छ । तिनीहरूको सम्पत्ति पारदर्शी लिलाम मार्फत बेचेर प्राप्त रकम राष्ट्रिय पूर्वाधारमा लगानी गर्नुपर्छ । केही सम्भावना देखिएका उद्योगलाई भने सञ्चालनको जिम्मा पूर्णरूपमा निजी क्षेत्रलाई दिनु नै एकमात्र विकल्प हो ।

**अबको बाटो : कठोर निर्णय, स्पष्ट कार्यान्वयन र जेनजी आवाज व्यवस्थापन**

विगतका गल्तीबाट पाठ सिक्दै अब रुग्ण उद्योगलाई पुनर्जीवन दिन भावनात्मक होइन, वैज्ञानिक र वस्तुनिष्ठ रणनीति आवश्यक छ । अबको बाटो स्पष्ट तीन चरणमा हिँड्नुपर्छ ।

**पहिलो कदम : कठोर मूल्यांकन र नीतिगत द्वन्द्व**

अब सबै रुग्ण उद्योगलाई एउटै डालोमा राख्ने परम्परागत सोच त्याग्नुपर्छ । पहिलो चरणमा एक स्वतन्त्र र अधिकारसम्पन्न विज्ञ कार्यदल गठन गरी प्रत्येक उद्योगको विस्तृत 'ड्यु डिलिजेन्स अडिट' (डीडीए) गरिनुपर्छ । यो मूल्यांकनले उद्योग किन र कसरी रुग्ण भयो, बजारमा यसको भविष्य के छ र कति लगानी आवश्यक पर्छ भन्ने प्रश्नको निर्मम जवाफ खोज्छ । यही मूल्यांकन आधारमा उद्योगलाई 'पूर्ण रुग्ण', 'रुग्ण' र 'रुग्णउन्मुख' गरी वर्गीकरण गर्नुपर्छ । पुनरुत्थान हुन नसक्ने उद्योगलाई तत्काल खारेजी प्रक्रियामा लैजानुको विकल्प छैन । यद्यपि, यस कठोर नीतिगत निर्णय कार्यान्वयनमा जेनजी समूहको आवाज र सरकारी कदमबीच नीतिगत द्वन्द्व देखिएको छ । जेनजीले जनकपुर चुरोट कारखाना लगायत पूर्णरूपमा बन्द रहेका उद्योग पुन: सञ्चालनमा ल्याएर नेपालभित्रै रोजगारी अवसर सिर्जना गर्न जोडदार माग गरिरहेका छन् । युवाको यो माग राष्ट्रिय स्वाभिमान र स्वदेशमै रोजगारी सिर्जना गर्ने आकांक्षामा आधारित छ । तर, सरकार भने घाटामा गएका उद्योगलाई राज्यकोषबाट अनुदान दिएर कृत्रिम रूपमा जीवित राख्ने परम्परा अन्त्य गर्दै निजीकरण वा खारेजीको कठोर बाटोमा अगाडि बढेको देखिन्छ । यो द्वन्द्व व्यवस्थापनका लागि सरकारले युवा वर्गलाई निजीकरण र खारेजीको आर्थिक औचित्य र राज्यकोषको व्ययभार बारे स्पष्ट बुझाउन आवश्यक छ ।

**दोस्रो कदम : निजी क्षेत्रको नेतृत्व र व्यावसायिकता प्रवेश**

वर्षौंदेखि रुग्ण उद्योगको पुनर्जीवनका लागि भावनात्मक होइन, व्यावहारिक समाधान खोज्नुपर्छ । यसका लागि सार्वजनिक(निजी साझेदारी नै सबैभन्दा बुद्धिमानी र प्रभावकारी बाटो हो । सरकारले अब मालिकको भूमिका त्यागेर नियामकको भूमिका निर्वाह गर्नुपर्छ । अनुभवले देखाउँछ कि सरकारले व्यवसाय चलाउँदा नाफा नोक्सानभन्दा राजनीतिक स्वार्थ हावी हुने सम्भावना बढी हुन्छ । प्रशासनिक लागत घटाएर दक्षता बढाउन, उदयपुर र हेटौंडा सिमेन्टजस्ता एकै प्रकृतिका उद्योगलाई एउटै व्यवस्थापन छातामुनि गाभ्नु उपयुक्त हुन्छ । यसले स्रोतको दोहोरो उपयोग रोक्छ र प्रतिस्पर्धा ल्याउँछ ।

तर, सबैभन्दा ठूलो चुनौती मानव संसाधनमा आमूल परिवर्तन ल्याउनु हो । 'स्थायी रोजगारी' अवधारणाले जिम्मेवारीको भावना कम भएको पाइन्छ । त्यसैले, कार्यकारी प्रमुखदेखि सबै कर्मचारीलाई कार्यसम्पादनमा आधारित करार प्रणालीमा ल्याउनु अबको आवश्यकता हो । यसले मात्र कठोर व्यावसायिक अनुशासन स्वीकार गर्न बाध्य पार्छ । खराब कार्यसम्पादन गर्नेलाई हटाउने र उत्कृष्टलाई पुरस्कृत गर्ने प्रणाली लागु गर्नैपर्छ ।

यी सुधार साथसाथै, दशकौं पुराना प्रविधि विस्थापित गरी आधुनिक प्रविधिमा लगानी गर्नु र पुराना ऋणको बोझ हटाएर नयाँ लगानीको बाटो खोल्नु अनिवार्य छ । यी कदम चालेमात्र सम्भावना बोकेका उद्योग फेरि प्रतिस्पर्धी बन्न सक्छन् ।

**अन्तिम चरण : "मृत पूँजी" व्यवस्थापन र निष्कर्ष**

पुनरुत्थान हुन नसक्ने उद्योग (जस्तै, जनकपुर चुरोट कारखाना) तत्काल खारेजीमा लैजानुको विकल्प छैन । तिनीहरूको 'मृत पूँजी' का रूपमा रहेको अर्बौंको सम्पत्ति पारदर्शी रूपमा बिक्री वा लिजमा दिएर प्राप्त रकम राष्ट्रिय पूर्वाधारमा लगानी गर्नैपर्छ । यसै कठोर नीतिको कार्यान्वयन गर्दै सरकारले खारेजी निर्णय लिएका चार उद्योग जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, नेपाल ओरियन्ड म्याग्नेसाइट र नेपाल मेटल कम्पनीको सम्पत्ति मूल्यांकन गर्ने प्रक्रिया तीव्र गतिमा अगाडि बढाएको छ । मन्त्रालयले मूल्यांकनका लागि योग्य ठहर गरेका कम्पनीको आर्थिक प्रस्ताव आगामी मंसिर २१ गते (डिसेम्बर ७, २०२५) मा खोलिने जनाएको छ । यो कदम रुग्ण उद्योगको अन्तिम व्यवस्थापनका लागि स्पष्ट समयसीमा तोक्ने एक साहसिक र महत्त्वपूर्ण निर्णय हो ।

'सफ्ट बजेट कन्स्ट्रेन्ट' र जवाफदेहिताको संकटजस्ता प्रणालीगत कमजोरीलाई सदाका लागि अन्त्य गर्न अब निर्णायक नीतिगत हस्तक्षेप अपरिहार्य छ । यस कठोर बाटोलाई सहज, पारदर्शी र निरन्तरता दिन औद्योगिक व्यवसाय ऐनले परिकल्पना गरे अनुसार एक स्थायी र अधिकारसम्पन्न संस्थागत संयन्त्र (जस्तै, पुनरुत्थान बोर्ड) को तत्काल गठन अनिवार्य छ ।

यस बोर्डको संरचना, काम, कर्तव्य र अधिकार कानुनले निर्धारण गरे बमोजिम हुनेछ र सबैभन्दा महत्त्वपूर्ण पक्ष यसले विगतको गल्ती नदोहोऱ्याउन यो संयन्त्र राजनीतिक हस्तक्षेपबाट पूर्णरूपमा मुक्त भई विशुद्ध व्यावसायिक मापदण्डमा आधारित हुनुपर्ने छ । यसले मात्र संस्थालाई नोक्सान पु¥याउनेलाई कानुनी कारबाही र पुनर्जीवन दिनेलाई पुरस्कारको व्यवस्था गरी गैरजिम्मेवारीको संस्थागतकरण सदाका लागि निस्तेज पार्ने छ ।

यसरी, नेपालका राष्ट्रिय उद्योगहरूको गाथा 'गौरवबाट भग्नावशेषसम्म' पुगे पनि अबको बाटो आर्थिक तर्क, व्यावसायिक नैतिकता र कठोर संस्थागत सुधारको जगमा उभिएर राष्ट्रिय स्वाभिमानको नयाँ अध्याय लेख्न सक्ने छ ।

*(साभार: अनलाइनखबर)*




# लुम्बिनी लायन्सको उडान




काठमाडौं/नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहित पौडेलले कप्तानी गरेको लुम्बिनी लायन्सका लागि नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो सिजन सम्झनलायक रहेको थिएन । लुम्बिनी लायन्स टिमले लिगमा पूछारमा रहँदै पहिलो सिजन सकाएको थियो । दोस्रो सिजनमा भने रोहितकै नेतृत्वमा लुम्बिनी लायन्सले फाइनलसम्मको उडान तय गरेको छ । अब एक खेल जितेमा उपाधि नै जित्नेछ ।

पहिलो सिजन च्याम्पियन बनेको जनकपुर दोस्रो सिजन लिग चरणमा पूछारमा रह्यो । बोल्ट्सले जम्मा एक खेल मात्र जित्यो । दोस्रो सिजन बोल्ट्सले उल्टो यात्रा तय गर्दा लुम्बिनीले पनि फरक खालको यात्रा तय गरिरहेको छ । तर पहिलो सिजनको अन्तिम स्थानमा रहेको लुम्बिनीले यस सिजन भने गज्जबको यात्रा तय गर्दै फाइनल पुगेको छ ।

लिग चरणमा चौथो स्थानमा रहेको लुम्बिनीले एलिमिनेटर र क्वालिफायर २ जित्दै फाइनलमा स्थान बनाएको हो । बिहीबार भएको क्वालिफायर टु मा लुम्बिनीले सन्दिप लामिछानेको कप्तानीमा रहेको विराटनगर किंगसलाई ४० रनले हराउँदै सुदूरपश्चिम रोएल्ससँग फाइनल भेट पक्का गरेको छ । सुदूरपश्चिमले पनि पहिलो क्वालिफायरमा विराटनगर लाई नै पराजित गरेको थियो । विराटनगर भने दुई क्वालिफायर खेल्ने अवसर पाएपनि दुवैमा पराजित हुँदै अभागी रहेर फाइनल होडबाट बाहिरियो ।

लिग चरणमा पनि सुरुवाती तीन खेल जित्दा लयमा देखिएको विराटनगरले त्यसपछि भने लयलाई निरन्तरता दिन सकेन । जितको यात्रामा ब्रेक लागेपछि विराटनगरको प्रदर्शनमा उतार चढाव देखियो । लिगको अन्तिम खेलमा सुदूरपश्चिम विरुद्ध विष्फोटक ब्याटिङ गरेर १२ ओभर मै जित हात पारेपनि प्लेअफका पछिल्ला दुई खेलमा भने विराटनगरको ब्याटिङ जादु देखिएन । सुदूरपश्चिम विरुद्ध १५६ रनको लक्ष्य पछ्याउँदा ७८ रनमै अलआउट (१४.१ ओभर) भएको विराटनगर लुम्बिनी विरुद्ध पनि १३ बल बाँकी छँदै ९४ रनमा अलआउट भयो ।

लिगमा चौथो भएको लुम्बिनीले लिगमा तेस्रो भएको काठमान्डु लायन्सलाई एलिमनेटरमा र लिगमा दोस्रो भएको विराटनगर लाई क्वालिफायर टु मा पराजित गर्दै पछि पारिसकेको छ । अब एउटा अन्तिम खेलको रूपमा सुदूरपश्चिमसँग फाइनल खेल्न बाँकी छ ।

लुम्बिनीले लिग चरणमा खेलेका ७ मध्ये ४ खेल जित्दा तीन खेलमा पराजित भएको थियो । त्यसमध्ये काठमान्डुसँग एलिमिनेटरमा बदला लिइसकेको छ । यसबाहेक लिगमा लुम्बिनी कर्णाली याक्स र सुदूरपश्चिम रोएल्ससँग पराजित भएको थियो । कर्णाली लिग चरणबाटै बाहिरि सकेको छ भने सुदूरपश्चिम लिगमा शीर्ष स्थानमा थियो र पहिलो क्वालिफायर जित्दै फाइनल पनि पुगिसकेको छ । अब सुदूरपश्चिमसँग पनि बदला लिने अवसर लुम्बिनीलाई छ ।

लुम्बिनीले यस सिजन भने विराटनगरविरुद्ध खेलेको दुवै खेल जित्यो । लिग चरणमा विराटनगरलाई ५ विकेटले हराएको लुम्बिनीले क्वालिफायरमा भने उत्कृष्ट बलिङ गर्दै १३४ रनको स्कोर डिफेण्ड गरेको हो ।

फाइनलसम्मको यात्रा तय गर्ने क्रममा लुम्बिनीले लगातार पाँच खेल जितेको छ । पहिलो खेलमा चितवन राइनोजलाई हराएर सानदार सुरुवात गरेपनि त्यसपछि लुम्बिनी लगातार तीन खेलमा पराजित भयो ।

कुनै बेला लिग चरणबाटै बाहिरिने खतरामा पुगेको लुम्बिनीले त्यसपछि भने सानदार कमब्याक गर्दै लगातार खेल जितेको छ । लिग चरणमा पोखरा एभेनेजर्स, विराटनगर किंग्स र जनकपुर बोल्ट्सलाई लगातार पराजित गरेपछि ८ अंक जोड्दै प्लेअफ पुगेको लुम्बिनीको जित यात्रा अझै रोकिएको छैन ।

एलिमिनेटरमा काठमान्डुलाई ४ विकेटले हराएको लुम्बिनीले क्वालिफायर टु मा विराटनगरलाई ४० रनले हरायो । यस सिजन सुदूरपश्चिमपछि लगातार पाँच खेल्ने जित्ने लुम्बिनी दोस्रो टिम समेत बनेको छ । सुदूरपश्चिमले लिगमा लगातार ६ खेल जितेको थियो । तर लिगको आफ्नो अन्तिम खेलमा विराटनगर किंग्ससँग पराजित भएपछि जितको यात्रामा ब्रेक लागेको थियो ।

लुम्बिनी लायन्सका ओपनर डार्शी शर्टले हरेक खेल फाइनल जस्तै रहेको र अब अन्तिम खेल पनि जित्ने आशा राखेका छन् । 'हामीले हरेक खेल जित्नुपर्ने थियो र खेलाडीले राम्रो खेले । आशा छ अब एक खेल पनि जित्छौं' उनले भने ।

डार्शी शर्टले विराटनगर विरुद्ध २० रन जति कम भएपनि बलरहरुले उत्कृष्ट प्रदर्शन गर्दा जित सम्भव भएको बताए । 'इमानदार भएर भन्दा २० रन सर्ट थियौं तर बलिङ राम्रो गर्‍यौं । क्रेडिट ब्वाइजलाई जान्छ । उनीहरुले चाँडै विकेट लिए' अष्ट्रेलियन ब्याटर शर्टले पोष्ट म्याच कन्फेरेन्समा भने ।

बिग बास लिग (बीबीएल) मा दुई पटक सर्वाधिक रन बनाउने खेलाडी रहेका शर्टले एनपीएलमा पनि लुम्बिनी लायन्सका लागि पछिल्ला खेलहरुमा महत्वपूर्ण योगदान दिइरहेका छन् । उनी ९ खेलमा २४२ रन बनाउँदै सर्वाधिक रन बनाउनेमा पाँचौ स्थानमा समेत उक्लेका छन् ।

उता विराटनगरका मुख्य प्रशिक्षक धम्मिका प्रसादले भने एक सय रन पनि नबन्दा केही समस्या भएको बताए । 'जसरी हाम्रो ब्याटिङ लाइनअप थियो त्यो हेर्दा १०० रन पनि नबन्नु पक्कै केही समस्या छ ।' धम्मिकाले पोष्ट म्याच कन्फेरेन्समा भने ।

### दमदार बलिङ प्रदर्शन

लुम्बिनीले यस संस्करणमा पहिले ब्याटिङ गर्दा कुनैपनि खेल जितेको थिएन । योगफल खडा गरेर डिफेन्ड गर्दै जितेको यो पहिलो खेल थियो । यस जितमा बलरहरू फेरि नायक बने ।

शेर मल्लको मिस्ट्री स्पीन र रुबेन ट्रम्पलमनको बाँयाहाते पेस बलिङले संयुक्त रूपमा विपक्षीको टप अर्डर ध्वस्त पार्दै आएका थिए । आज त्यसमा लेगस्पीनर तिलक राज भण्डारी अनि बाँयाहाते स्पीनर अभिशेष गौतमको पनि साथ रह्यो ।

१३४ रनको योगफल डिफेन्ड गर्ने क्रममा लुम्बिनीले सुरवातदेखि नै विराटनगरलाई दबाबमा राख्यो । खेलको पहिलो ओभरमै ट्रम्पलमनले मार्टिन गप्टिललाई आउट गरे भने लगत्तै अर्को बलमा लोकेश बमलाई पनि एलबीडब्लु धरापमा पारे ।

त्यसपछि शेर मल्लले ठूलो सफलता हात पार्ने क्रममा फाफ डुप्लेसीलाई बोल्ड गरिदिए । शेरको स्पीनलाई फाफले रिड गर्नै सकेनन् । विराटनगर २ ओभरमा ७-३ को अवस्थामा पुगिसकेको थियो । त्यहाँबाट विराटनगरले पुनरागमन गर्नै सकेन ।

मध्यक्रमका ब्याटरहरूले जिम्मेवारी लिएर ब्याटिङ गर्नुपर्नेमा खराब शटहरू खेलेर विकेट गुमाइरहे, लुम्बिनीले त्यो मोमेन्टम लिइरह्रुयो । पावरप्ले सकिएपछि सातौं ओभरमा तिलकले शंकर रानालाई आउट गरे । १०औं ओभरको अन्तिम बलमा जेजे स्मिथले सेट ब्याटर साम हिजलेटलाई आउट गरेपछि विराटनगर ५८-५ को अवस्थामा थियो ।

रनरेटमा धेरै पछाडि नभएपनि विराटनगरले विकेट नै धेरै गुमाइसकेको थियो । १२औं ओभरमा तिलकले बसिर अहमदलाई पनि आउट गरे भने १३औं ओभरमा बाँयाहाते स्पीनर अभिशेष गौतमले सन्दीप लामिछानेको विकेट लिएपछि विराटनगरले खेलमा नियन्त्रण गुमाइसकेको थियो ।

१५औं ओभरमा अभिशेषले मर्चेन्ट डे लाङ अनि १६औं ओभरमा तिलकले प्रतिशलाई आएट गरे । १८औं ओभरमा नरेन भट्टलाई जेजे स्मिथले आउट गरेपछि विराटनगर ९४ रनमै अलआउट भयो अनि लुम्बिनीले दमदार जित हासिल गर्‍यो । ३ विकेट लिएका तिलक प्लेअर अफ द म्याच घोषित भए ।

### शर्ट र रोहितको साझेदारी

टस हारेपछि ब्याटिङको निम्तो पाएको लुम्बिनीले २० ओभरमा १३४ रन जोडेको थियो । त्यसका लागि ८ विकेट गुमायो ।

लुम्बिनीको ब्याटिङमा विशेषगरी ओपनर डार्शी शर्ट र कप्तान रोहित पौडेलको साझेदारी महत्वपूर्ण रह्यो । ८ रनमै पहिलो विकेट गुमाएपछि शर्ट र रोहितले दोस्रो विकेटका लागि ६९ रनको साझेदारी गरेका थिए ।

ओपनर शर्टले ४१ बल खेल्दै ३ चौका र १ छक्का मद्दतमा ४५ रन बनाए । रोहितले ३० बल खेल्दै २ चौका र २ छक्का प्रहार गरी ३४ रन योगदान गरे । श्रीलंकन विकेटकिपर ब्याटर निरोशन डिकवेलाले २२ बलमा ४ चौका प्रहार गरी २९ रन योगदान गरे ।

डिकवेलाको आगमनपछि लुम्बिनीको मिडल अर्डर सम्हाल्ने काम गरेका छन् । अर्को छेउबाट विकेट जाँदा पनि डिकवेलाले आफ्नो अनुभव देखाएका छन् । ठूलो स्कोर नगरेपनि उनको अनुभव लुम्बिनीका लागि सहयोगी बनेको छ ।

विराटनगरका बलरहरुले पनि उत्कृष्ट पुनरागमन गर्दा लुम्बिनीले पछिल्ला १० ओभरमा सुरुवाती १० ओभर जस्तो रन जोड्न सकेन । पहिलो १० ओभर मा ६९/१ रन बनाएको लुम्बिनीले त्यसपछिको १० ओभरमा ६५/७ रन मात्र जोड्न सक्यो ।

विराटनगरका सुभाष भण्डारीले किफायती बलिङ सहित ४ ओभरमा १६ रन खर्चेर ३ विकेट लिए । प्रतिश जिसीले पनि ३ विकेट लिने क्रममा ४ ओभरमा २५ रन खर्चे । यस्तै कप्तान सन्दीप लामिछानेले ४ ओभरमा १८ रन खर्चेर २ विकेट लिए ।

### नयाँ च्याम्पियन पाउने पक्का

सुदूरपश्चिम लगातार दोस्रो पटक फाइनल पुगेको हो भने लुम्बिनी लायन्स पहिलो पटक फाइनल पुगेको हो ।

अब यी दुई टोलीमा जसले जितेपनि एनपीएलले नयाँ च्याम्पियन पाउनेछ । पहिलो संस्करणमा फाइनल पुगेपनि सुदूर पश्चिम रोएल्स जनकपुर बोल्ट्ससँग पराजित हुँदै उपविजेता बनेको थियो । यस पटक लिगमा शानदार प्रदर्शन गर्दै शीर्ष स्थानमा रहेको सुदूरपश्चिम पहिलो क्वालिफायर जितेर फाइनल पुगिसकेको छ । दोस्रो प्रयासमा सुदूरपश्चिम उपाधि जित्ने लक्ष्यमा छ ।

अर्कोतर्फ लुम्बिनीले यस सिजन उतारचढाव व्यहोर्दै फाइनलसम्मको यात्रा तय गरेको छ । पछिल्ला खेलहरुमा लुम्बिनीले बलिङमा उत्कृष्ट प्रदर्शन गर्दै जितको लय कायम राखेको छ र त्यो लयलाई फाइनलमा पनि निरन्तरता दिँदै च्याम्पियन बन्ने लक्ष्यमा छ ।

*(स्रोत:अनलाइनखबर)*

# 'मुगलान'को ट्रेलरमा परदेशिन बाध्य युवाको कथा




काठमाडौं/आगामी पुष १० गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'मुगलान'को ट्रेलर सार्वजनिक गरिएको छ । २ मिनेट २४ सेकेण्ड लामो ट्रेलरले फिल्मको कथावस्तुबारे प्रकाश पारेको छ । २०५२ सालको कालखण्डमा आधारित फिल्मको ट्रेलरमा राजनीतिक द्वन्द्व र गरिबीका कारण परदेशिन बाध्य युवाको कथा समेटिएको छ । ट्रेलरमा दु:ख, अभाव र संघर्षको चित्रण मर्मस्पर्शी छ ।

आशिष ढकालको लेखन तथा निर्देशनमा बनेको फिल्ममा प्रभात पाल, स्मारिका ढकाल, रामचन्द्र अधिकारी, दिनेश डिसी, सविन बास्तोला, खड्ग बहादुर पुन (खबपु), श्री शिवांशु, मोती सुबेदी, रश्मी भट्ट, जीवन गौतम, राजु राज सोनी लगायतको अभिनय र हेको छ । टिकटकर स्मारिकाले यही फिल्मबाट डेब्यु गरेकी हुन् ।

रिहान प्रोडक्सनको ब्यानरमा निर्माण भएको यस फिल्मका निर्माता गोमन सिंह हुन् । रिता चौधरी सह-निर्माता रहेको फिल्ममा अजय रेग्मीको डिरेक्टर अफ फोटोग्राफी (डीओपी), तारा थापा 'किम्भे'को सम्पादन, जय बिष्ट र राम गुरुको द्वन्द्व निर्देशन, रिदम कँडेलको ब्याकग्राउन्ड म्यूजिक, देवेन्द्र कुँवरको कोरियोग्राफी तथा किरण भुषालको संगीत छ ।

# प्रदीप स्टारर 'एक्लो'को ट्रेलर सार्वजनिक




काठमाडौं/आगामी पुष १७ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'एक्लो'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै दर्शकमाझ ल्याइएको झन्डै तीन मिनेट लम्बाइको ट्रेलरमा सत्ता संघर्ष, प्रहरीको अनुसन्धान र प्रविधिजस्ता पक्षलाई केन्द्रमा राखिएको छ । ट्रेलर हेर्दा फिल्म प्राविधिक रूपमा बलियो रहेको देखिन्छ ।

प्रदीप शाहीको लेखन तथा निर्देशनमा बनेको फिल्ममा प्रदीप खड्का, विजय लामा, सुनील थापा, दीया पुन, बेनिशा हमाल, दिनेश डीसी, कविता नेपाली, सुर जसिंह ठकुरी, एवन राज उप्रेती, त्रिचु राई, कृष्णभक्त महर्जन, विकास अधिकारी, विनोद सुवेदी 'क्षितिज', श्रीशेष श्रेष्ठ, बेलायती अभिनेता जेमी बेकन लगायतको अभिनय रहेको छ ।

एनआरएन समूहको लगानी रहेको फिल्मको निर्मातामा प्रदीप खड्का पनि छन् । विनोद सुवेदी 'क्षितिज' कार्यकारी निर्माता रहेको फिल्मको छायांकन बाबु श्रेष्ठले गरेका हुन् । यसमा रुपेश तामाङको सम्पादन, रोहित शाक्यको संगीत तथा राजु तामाङको द्वन्द्व निर्देशन रहेको छ भने स्वप्निल शर्माले गीत तयार पारेका छन् ।

यो फिल्मको गत मेमा विश्वप्रसिद्ध कान्स फिल्म फेस्टिभलमा स्टल नै राखेर प्रचार गरिएको थियो । यसपछि अन्तर्राष्ट्रिय बजारमा फिल्मको चर्चा चुलिएको छ । अब यही डिसेम्बर २८ मा अमेरिकाको न्युयोर्कस्थित 'म्युजियम अफ द मुभिङ इमेज'मा फिल्मको प्रिमियर गरिँदैछ । यो फिल्मले खतरनाक भाइरसका कारण मानिसले पृथ्वी ग्रह छाड्ने भविष्यको एक काल्पनिक कथा भन्छ ।

# 'पीआर'को प्रिमियरमा कसले के भने ?

काठमाडौं/शुक्रबारबाट प्रदर्शन हुन लागेको फिल्म 'पीआर'को बुधबार काठमाडौंमा प्रिमियर गरिएको छ । सामाखुसीस्थित सिटी स्क्वायर हल (क्यूएफएक्स)मा आयोजित प्रिमियरमा उपस्थित फिल्मकर्मी, कलाकार तथा पत्रकारहरूले फिल्मबारे सकारात्मक प्रतिक्रिया दिएका छन् । फिल्मले यथार्थपरक कथा भनेको प्राय:को प्रतिक्रिया थियो ।

अभिनेत्री रेखा थापाले फिल्म राम्रो बनेको र नव-कलाकार हरूको कामले आफूलाई लोभ्याएको बताइन् । चलचित्र विकास बोर्डका अध्यक्षले निर्देशक शोभित बस्नेतको काम र कलाकारको अभिनय असाध्यै राम्रो बनेको प्रतिक्रिया दिए । उनले हरेक नेपालीले यो फिल्म हेर्न जरुरी रहेको समेत बताए । फिल्मको कथा यथार्थपरक र समाजसँग नजिक रहेको उनको भनाइ छ ।

अभिनेता सलिनमान बनियाँले फिल्मका कलाकारहरूको अभिनयको मुक्तकण्ठले प्रशंसा गरे । उनले नयाँ कलाकार भएता पनि पुरानो जस्तै लागेको बताए । 'मलाई फिल्म एकदमै राम्रो लाग्यो । एकपटक सबै नेपालीले हेर्नुपर्ने फिल्म बनेको छ,' उनले भने, 'मैले डेब्यु गर्दाको फिल्मभन्दा 'पीआर'मा नयाँ कलाकारहरूले गर्नुभएको काम धेरै नै राम्रो लाग्यो ।'

प्रिमियरमा फिल्मलाई प्राप्त उत्साहजनक प्रतिक्रियाले निर्देशक बस्नेत भावुक देखिएका थिए । उनले सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै भने, 'हलभित्र छिर्दा फिल्मका कलाकारलाई कसैले चिनेको थिएन । बाहिर निस्किँदा सबैले अभिनयको तारिफ गर्दै हिरो हिरोइनसँग फोटो खिच्न तानातान गरेको देख्दा मेरो लागि त्यो नै सबैभन्दा खुसी र सन्तुष्टिको पल थियो ।'

फिल्मको प्रिमियरमा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसी, दीपाश्री निरौला, गौरी मल्ल, रेजिना उप्रेती, करिश्मा केसी, दीपक आचार्य (काकु), जयकिशन बस्नेत, सविन श्रेष्ठ, प्रभात पाल, गायिका देविका बन्दना लगायतको पनि उपस्थिति रहेको थियो । उनीहरूले पनि फिल्मको कथावस्तु, प्रस्तुति र कलाकारको अभिनयको प्रशंसामा शब्द खर्चिएका थिए ।

सलोन सलिना फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा आर.ए.सुरज पौडेल, विनिता कार्की, राजन कुँवर, पूजा चौधरी,आश्मा अधिकारी मस्तानी, विमला खत्री, नीर शाह, गौरी मल्ल, रविन्द्र खड्का, उत्तम के.सी., दिक्पाल कार्की लगायतको अभिनय रहेको छ । फिल्ममा नेपालबाट पढ्नका लागि अष्ट्रेलिया पुगेका युवाहरूको संघर्ष, सपना, र यथार्थलाई केन्द्रमा राखिएको छ ।

# जेनजी आन्दोलनले गुम्यो २३ सय ५३ को रोजगारी, खर्ब नजिक आर्थिक क्षति



काठमाडौं/२३ र २४ भदौमा भएको जेनजी आन्दोलनका कारण २ हजार ३ सय ५३ जनाको रोजगारी गुमेको छ । जेनजी आन्दोलनमा भएको क्षतिको मूल्यांकन तथा सार्वजनिक संरचना पुनर्निर्माण योजना तयार गर्न गठित समितिले आफ्नो प्रतिवेदन प्रधानमन्त्री सुशीला कार्कीलाई बुझाएको छ ।

समिति संयोजक एवं राष्ट्रिय योजना आयोग सचिव र विलाल पन्थले आज सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकमा प्रतिवेदनको सारांश प्रस्तुतीकरण गरे । प्रतिवेदन अनुसार आन्दोलनका कारण २ हजार ९ सय ९९ जनाको रोजगारी प्रभावित बनेको छ । साथै, १३ अर्ब ८४ करोड ५६ लाख रुपैयाँ बराबर वस्तु तथा सेवा उत्पादन प्रभावित भएको छ ।

मन्त्रिपरिषद् निर्णयले योजना आयोगका सचिवको संयोजकत्वमा ५ असोजमा यो समिति गठन भएको थियो । समितिले ७५ दिनमा आफ्नो प्रतिवेदन बुझाएको हो । समितिका अनुसार जेनजी आन्दोलन क्रममा सात प्रदेशमै क्षति भएको थियो । यस्तो क्षति हुने जिल्ला ५४ र स्थानीय तह २ सय ६२ छन् ।

प्रतिवेदन अनुसार २३ भदौमा २०, २४ मा ३७ र त्यसपछि २० गरी कुल ७७ जनाको ज्यान गएको छ । २ हजार ४ सय २९ जना घाइते भएकामा १७ जना १३ वर्षमुनिका छन् । १३ देखि २८ वर्षका १ हजार ४ सय ३३ घाइते भएका छन् ।

समग्र भौतिक क्षति हेर्दा ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ बराबर भएको समितिको मूल्यांकन छ । जसमध्ये प्रभावित निकाय/संस्था २ हजार १ सय ६८ छन् । २ हजा ६ सय ७१ भवनमा क्षति पुगेको छ । जसमा क्षतिको मूल्यांकन ३९ अर्ब ३१ करोड ७५ लाख बराबर छ ।

त्यस्तै १२ हजार ६ सय ५९ सवारीसाधन क्षतिग्रस्त हुँदा १२ अर्ब ९३ लाख ६१ हजार बराबर नोक्सान हुन पुगेको छ । सरकारी/सार्वजनिक क्षेत्रको ४४ अर्ब ९३ करोड ७३ लाख बराबर क्षति भएको छ ।

निजी क्षेत्रको क्षतिको मूल्यांकन ३३ अर्ब ५४ करोड ८७ लाख बराबर छ । सामुदायिक तथा अन्य क्षेत्रको ५ अर्ब ९७ करोड १७ लाख बराबर क्षति भएको छ ।

सरकारी क्षतिमा तीन तहमध्ये संघीय सरकारको ६८ प्रतिशत छ भने प्रदेश र स्थानीय तहको क्रमश: १० र २२ प्रतिशत छ । समितिले पुनर्निर्माण कार्ययोजना पनि पेस गरेको छ । पुनर्निर्माण गर्न ३६ अर्ब ३० करोड २१ लाख रुपैयाँ बराबर बजेट आवश्यक पर्ने अनुमान छ ।

पुनर्निर्माणतर्फ भवनमा १९ अर्ब ९८ करोड ९८ लाख र सवारीसाधनमा ६ अर्ब १६ करोड ८० लाख लाग्ने अनुमान छ । अन्य भौतिक सम्पत्तिका लागि १० अर्ब १४ करोड ४२ लाख लागत अनुमान गरिएको छ ।

पुनर्निर्माणमा संघतर्फ २४ अर्ब ६९ करोड ५८ लाख लाग्ने अनुमान छ । प्रदेशमा ३ अर्ब ७४ करोड र स्थानीय तहमा ७ अर्ब ८६ करोड लागत लाग्ने अनुमान छ ।

*(स्रोत:अनलाइनखबर)*

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# अमलेखगञ्ज-हेटौंडा-लोथर पेट्रोलियम पाइपलाइनसँगै हेटौंडाबाट राप्तीको पानी लैजाने तयारी

## पानीको पाइप बिछ्याउन निकुञ्जको सर्त

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/पर्सा राष्ट्रिय निकुञ्जले अम्लेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार गर्दा सोही क्रममा वन्यजन्तुका लागि पानीको पाइप पनि सँगै बिछ्याउनुपर्ने सर्त राखेको छ ।

निकुञ्जले वर्षभरि नै वन्यजन्तुका लागि पानीको अभाव हुने समस्याको दीर्घकालीन समाधानका लागि यो प्रस्ताव अघि सारेको हो । निकुञ्जका प्रमुख संरक्षणअधिकृत रामचन्द्र खतिवडाले एउटै खर्चमा दुईवटा पाइप बिछ्याउन सकिने र यही सर्तमा मात्र वातावरणीय प्रभाव अध्ययन (ईआईए) गर्न अनुमति दिने जानकारी दिएका छन् । उनले पानीको पाइप नराखे आफ्नो क्षेत्रमा स्वीकृति नदिने स्पष्ट पारेका छन् । यो प्रस्ताव निकुञ्जले वन्यजन्तु विभागमार्फत् वन मन्त्रालयमा पठाइसकेको छ ।




अमलेखगञ्जदेखि हेटौंडा हुँदै चितवनको लोथरसम्म ६२ किलोमिटरमा करिब तीन मिटर गहिराइमा पेट्रोल र डिजेलको पाइप बिछ्याउने योजना छ । खतिवडाका अनुसार त्यसभन्दा माथि पानीको पाइप राख्न सकिनेछ । निकुञ्जले बागमती र मधेश प्रदेशका तीन जिल्लालाई समेटेको छ, जहाँ वर्षभरि नै पानीको समस्याले गर्दा वन्यजन्तु बस्तीसम्म पुग्ने र मानव-वन्यजन्तु बीच द्वन्द्व बढ्ने गरेको छ । खतिवडाले मकवानपुरको राप्ती नदीको पानी ६ इन्चको पाइपबाट निकुञ्जसम्म ल्याउन सकिएमा वर्षभरि वन्यजन्तुलाई पानी पर्याप्त हुने बताएका छन् । उनले यो पानी अम्लेखगञ्जका जनता, कृषि उत्पादन र निकुञ्जका वन्यजन्तु सबैले उपयोग गर्न सक्ने र यसको लागत आयल निगमले बेहोर्नुपर्ने सर्त राखेका छन् ।

अमलेखगञ्ज-हेटौंडा-लोथर पाइपलाइन आयोजनाका लागि भारतीय आयल निगम (आईओसी)ले तयार पारेको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अनुसार पाइपलाइन निर्माणका लागि ४ अर्ब २८ करोड ८० लाख र भण्डारगृहसहित ग्रीन फिल्ड टर्मिनल निर्माणका लागि ९ अर्ब ८० करोड ८० लाख गरी कुल १४ अर्ब ९ करोड ६० लाख लागत लाग्ने उल्लेख छ । निकुञ्जले राप्ती खोलाको पानी अम्लेखगञ्जस्थित पर्सा राष्ट्रिय निकुञ्जसम्म ल्याउन सहजीकरण गरिदिन जीतपुरसिमरा उपमहानगरलाई समेत आग्रह गरेको छ । उपमहानगरले कात्तिक १८ गते राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागलाई पत्राचार गरी यो योजना बढाउन आग्रह गरेको छ ।

उपमहानगरले पठाएको पत्रमा 'पेट्रोलियम पाइपलाइन आयोजना सम्झौता हुँदै प्रविधिको उपयोगद्वारा अत्यन्तै न्यून लागतमा कार्यान्वयन गर्न सकिने भएकाले यसलाई आयोजना कार्यान्वयन सर्तको रुपमा समावेश गरिनु उचित हुनेछ' भनिएको छ । यसकार्यले चुरेक्षेत्रमा सुक्खा प्रभाव न्यूनीकरण, जलस्रोत संरक्षण, भूमिगत जल पुनर्भरण र वातावरणीय सन्तुलन कायम राख्न मद्दत पुग्ने उपमहानगरको भनाइ छ । तर, पाइपलाइन विस्तार परियोजनाका सिनियर इन्जिनियर ऋषि अधिकारी भने पेट्रोलियमपदार्थ र पानीको पाइपसँगै विस्तार गर्ने विषयमा हालसम्म कुनै जानकारी नभएको बताएका छन् । उनले यस विषयमा भारतीय आयल निगमसँग समन्वय गर्नुपर्ने बताए ।

यद्यपि नेपाल सरकारको एउटै लगानीबाट दुईवटा काम हुने हो भने राज्यलाई फाइदा हुने भएकाले यो राम्रो कदम हुने उनको भनाइ छ । अमलेखगञ्ज-हेटौंडा-लोथर पाइपलाइन परियोजनाका प्रमुख प्रदीप यादवले पानीको पाइप राख्ने विषयमा मन्त्रालयबाट निर्णय भएर आए कुनै समस्या नहुने बताएका छन् । उनले यो निगमको तहबाट हुने निर्णय नभई सरकारले गर्ने विषय भएको उल्लेख गरे । उनले भने, 'नेपाल सरकारले यो बनाइदिनुपर्‍यो भनेर निर्णय गर्छ भने निगमले बनाइदिन्छ, कुनै समस्या छैन, यो हाम्रो तहबाट हुने निर्णय नै होइन, सरकारले गर्ने विषय हो ।'

पेट्रोलियम पाइपलाइन विस्तारका लागि वातावरणीय अध्ययन गर्न मन्त्रालयसँग सहमति माग भएपनि स्वीकृति भने पाउन बाँकी रहेको निकुञ्जले जनाएको छ । राप्ती नदीको पानी चुरे क्षेत्र हुँदै बारा र पर्सामा खानेपानीको स्रोतको रुपमा उपयोग गर्नका लागि यसअघि पनि बहस सुरु भएको छ । बारा र पर्साका बिभिन्न सहर तथा ग्रामीण बस्तीमा लैजान सम्भाब्यता अध्ययन भने भएको छैन ।

## त्रिभुवन राजपथलाई पर्यटकीय मार्ग बनाउन प्रस्ताव

# १६ मिटरमात्र सडकसीमा निर्धारण गर्न अनुरोध



साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ हेटौंडा उपमहानगरपालिकाले उपमहानगर हुँदै जाने त्रिभुवन राजपथलाई पर्यटकीय राजमार्ग बनाउन प्रस्ताव गरेको छ ।

त्रिभुवन राजपथअन्तर्गत हेटौंडाको बुद्धचोकबाट उत्तरतर्फको खण्डलाई पर्यटकीय राजमार्गको रुपमा विकास गर्न प्रस्ताव गरिएको हो । हेटौंडामा भएको जनप्रतिनिधि र सरोकारवालाको भेलाले राष्ट्रिय राजमार्गको विकल्पमा पर्यटकीय राजमार्गको रुपमा विकास गर्न सरकारसँग माग गर्ने निष्कर्ष निकालेको छ । बुद्धचोकबाट उत्तरतर्फको खण्डमा बस्ती विकास हुँदै गएको र यो मार्गमा सरकारको ठुलो लगानीको औचित्य र उपादेशता कम हुनुका साथै प्रतिफलसमेत कम दिने भएको पर्यटन मार्गको रुपमा विकास गर्न सरकारसँग माग गर्न स्थानीय सहमत भएका हुन् ।

पर्यटकीय मार्गको रुपमा अगाडि बढाउन प्रस्ताव गर्दै यो सडक खण्डलाई सडक केन्द्रबाट दायाँबायाँ १६-१६ मिटरमात्र सडकसीमा निर्धारण गर्न सरकारसँग अनुरोध गर्ने गरी भेलामा सहमति भएको हेटौंडा उपमहानगरपालिका वडा नं. २ का वडाध्यक्ष विष्णुगोपाल महर्जनले बताए । सडक डिभिजन हेटौंडाले बुद्धचोकबाट सामरी पुलसम्म दायाँबायाँ २५-२५ गजको सडक सीमाभित्रका घरटहरा हटाउन सूचना जारी गरी प्रक्रिया अगाडि बढाइएसँगै यो मार्ग भएर जाने वडा नम्बर १ र २ का वडाध्यक्षसहित जनप्रतिनिधि र स्थानीयको सहभागिता रहेको भेलामा सडक केन्द्र भागबाट दायाँबायाँ १६-१६ मिटर चौडा गर्न प्रभावितले सहमति जनाएका छन् ।

वडाध्यक्ष महर्जनले विकास नागरिकको लागि भएको र विनाशले मात्र समृद्धि हासिल गर्न नसकिने भन्दै हेटौंडाको बुद्धचोकबाट त्रिभुवन राजपर्थको उत्तरतर्फ सडक चौडाका नाममा ठुलो लगानी गर्नुको औचित्य पुष्टि हुने आधार नभएकोले सडक केन्द्रबाट १६-१६ मिटर चौडा गर्न उपयुक्त हुने सुझाए । यस्तै हेटौंडा उपमहानगर प्रवक्तासमेत र हेका वडा नम्बर १ वडाध्यक्ष सविन न्यौपानेले द्रुतमार्ग बनिसकेपछि त्रिभुवन राजपथमा सवारीसाधनको चाप घट्ने र हेटौंडाबाट उत्तर तर्फका पालिकाको बस्तीबाट पलायन बढ्दै गएकोले बुद्धचोकबाट त्रिभुवन राजपर्थको उत्तरतर्फ सडक केन्द्रबाट १६-१६ मिटर चौडा गर्दा पर्याप्त हुने बताए ।

न्यौपानेले सडक केन्द्रबाट २५-२५ गज चौडा गर्दा सरकारको लगानीको अनुपातमा कम प्रतिफल प्राप्त हुने भन्दै मितव्ययिता र लाभ अनुपातका आधारमा सडक केन्द्रबाट १६-१६ मिटर चौडा उचित हुने भएकोले उपमहानगरपालिकाले समेत पर्यटन मार्गको अवधारणा अगाडि बढाउन संघीय सरकारसँग आग्रह गर्न प्रक्रिया अगाडि बढाएको बताए । 'त्रिभुवन राजपथको बुद्धचोकबाट उत्तरतर्फ पर्यटकीय मार्ग बनाउन कार्यपालिका बैठकले समेत निर्णय गरेको छ ।' उनले भने, 'आगामी पुसमा बस्ने नगरसभाबाट पारित गरेर संघीय सरकारसमक्ष पेस गर्नेछौं ।'

हेटौंडा उपमहानगरपालिकाको आइतबार बसेको ७६ औँ कार्यपालिका बैठकले नगर सभामार्फत् संघीय सरकारलाई यस्तो अनुरोध गर्ने निर्णय गरेको हो । प्रवक्ता न्यौपानेले पर्यटकीय मार्ग बनाउँदा नागरिकको भौतिक संरचनामा कम क्षति हुने र सरकारको लगानीका आधारमा उच्चतम प्रतिफलसमेत प्राप्त हुने बताए ।

सडक डिभिजन हेटौंडाले एसियन राजमार्ग पर्ने हेटौंडा उपमहानगरपालिकाको रातोमाटोदेखि राप्तीपुलसम्म र त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरीपुलसम्म सडकसीमा संरक्षण गर्न भन्दै सडक सीमाभित्र रहेका घरटहरा हटाउन सूचना जारी गरेको थियो ।

त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरीपुलसम्म करिब तीन किमि रहेको सडक डिभिजन हेटौंडाले जनाएको छ । यस खण्डमा सडक चौडाका क्रममा हेडम्बी हाइटसम्म सडक डिभिजनले डोजर चलाएको छ भने त्यसबाट उत्तर तर्फ स्थानीय आफैंले घरटहरालगायत संरचना हटाउने क्रम जारी रहेको छ । यसैबीच उपमहानगरले हेटौंडा हुँदै जाने त्रिभुवन राजपथलाई पर्यटकीय राजमार्गको रुपमा सञ्चालन गर्न अनुरोध गर्ने निर्णय गरेको छ । हेटौंडा उपमहानगरको कार्यपालिका बैठकले नगरसभामार्फत् संघीय सरकारलाई यस्तो अनुरोध गर्ने निर्णय गरेको हो ।

# तत्कालीन माओवादी मनहरी अध्यक्ष घलानद्वारा पार्टी परित्यागको घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/करिब तीन दशकसम्म माओवादी आन्दोलन र रुपान्तरणको संघर्षमा सक्रिय योगदान पुर्‍याउँदै आएका तत्कालीन नेकपा माओवादी केन्द्र मनहरी गाउँ समिति अध्यक्ष आनन्द घलान (बीरबहादुर) ले पार्टी सदस्यता तथा सबै जिम्मेवारीबाट अलग हुने घोषणा गरेका छन् ।



बिहिबार जारी गरेको प्रेस विज्ञप्तीमा घलानले देश र जनताको हित, परिवर्तन र जिम्मेवारीका भावना बोकेर अघि बढेको आफ्नो लामो राजनीतिक यात्रामा व्यक्तिगत स्वार्थ कहिल्यै प्राथमिकता नभएको उल्लेख गरेका छन् । उनले पार्टीले पछिल्लो समय अंगालेको नीति, दिशा र व्यवहार जनयुद्धको मूलमर्म, शहीदको बलिदान र जनआकांक्षाबाट क्रमश: अन्यत्र गएजस्तो महसुस भएको बताए । विचार, व्यवहार र सिद्धान्तबीच बढ्दै गएको दूरीले अब फरक बाटोबाट अघि बढ्नु नै उपयुक्त ठहरिएको उनको भनाइ छ ।

घलानले विज्ञप्तीमा भनेका छन्, म २०८२ मंसिर २५ गतेदेखि तत्कालीन नेकपा माओवादी केन्द्र (नेपाली कम्युनिष्ट पार्टी) को साधारण सदस्यता तथा सबै जिम्मेवारीबाट स्वतन्त्र रहने निर्णय सार्वजनिक गर्दछु ।' उनले पार्टी नेतृत्व, कार्यकर्ता तथा सर्वसाधारण जनताप्रति विगतको समर्थन, सहकार्य र विश्वासका लागि आभार व्यक्त गर्दै आगामी दिनमा पनि सद्भावना र मार्गदर्शनको अपेक्षा व्यक्त गरेका छन् । घलान विगतमा मनहरी गाउँ समितिका अध्यक्ष तथा विभिन्न संरचनामा जिम्मेवारी निर्वाह गर्दै माओवादी आन्दोलनमा लामो समय सक्रिय रहेका नेता मानिन्छन् ।

# चित्लाङमा निर्मित भ्युटावर नगरपालिकालाई हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ मकवानपुरको थाहा नगरपालिका-९ मा निर्माण गरिएको भ्युटावर नगर पालिकालाई हस्तान्तरण गरिएको छ ।

बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयको लगानीमा निर्माण भएको भ्यु टावरको संरचना नगरपालिकालाई हस्तान्तरण गरिएको हो । बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठको उपस्थितिमा भएको कार्यक्रममा पर्यटन विकास आयोजना हेटौंडाका प्रमुख रोशन श्रीवास्तवले नगरपालिका मेयर विष्णु विष्टलाई भ्युटावर हस्तान्तरण गरेका हुन् । कार्यक्रममा थाहा नगरप्रमुख, उपप्रमुख तथा वडाध्यक्षको उपस्थिति रहेको थियो । हाललाई अनौपचारि करुपमा संरचना हस्तान्तरण गरेको भएपनि छिट्टै नै उद्घाटन तथा सञ्चालनमा ल्याउने गरी पर्यटन



विकास आयोजना हेटौंडा र नगर पालिकाबीच सम्झौता भएको छ । सम्झौताअनुसार संरचना सञ्चालनबाट प्राप्त राजस्वको निश्चित रकम प्रदेशले पाउने छ ।

कार्यक्रममा मन्त्री श्रेष्ठले भ्युटावर सञ्चालनमा आएपछि थाहानगरको पर्यटकीय आकर्षण बढ्ने र स्थानीय पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे । उनले पर्यटन प्रवर्द्धनका लागि थाहा नगर पालिका क्षेत्रका अन्य सम्भावनामा पनि प्रदेश सरकारले काम गर्ने बताए । प्रदेश सरकारले 'चित्लाङ हिलस्टेसन प्याकेज कार्यक्रम' (२०७६/७८) अन्तर्गत यो परियोजना अघि बढाएको थियो । आयोजना अन्तर्गत भ्युटावरसहित क्रियसन हल, शौचालय, रिटेनिङ वाल, गेट, गार्ड हाउस र सपोर्ट फेसिलिटी निर्माण गरिएको छ ।

संरचना निर्माणका लागि दुईचरणमा गरी मूल्य समायोजन सहित कुल ५ करोड २७ लाख ४७ हजार ८ सय ५२ रुपैयाँ खर्च भएको बताइएको छ । यससँगै प्रदेश सरकारले पर्यटन प्रवर्द्धनका लागि २०७६ सालदेखि हालसम्म प्रदेशका १३ जिल्लामध्ये मकवानपुर, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, चितवन, रामेछाप, सिन्धुली, धादिङ र दोलखा गरी ९ जिल्लामा ११ वटा भ्युटावर निर्माण गरेका छ । भ्युटावर निर्माणमा प्रदेश सरकारले ३३ करोड खर्च गरेको छ ।

सर्वोत्तम सञ्चिती बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा-८, मकवानपुरको

## साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८२/०६/२६ गते बसेको सञ्चालक समितिको बैठक निर्णय अनुसार **संस्थाको उत्पादन प्रदर्शनी मेला तथा १९ औं वार्षिक साधारणसभा** तपशिलका विषयहरुमा छलफल गर्न निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण आदरणीय शेयर सदस्यज्यूहरुलाई उक्त साधारणसभामा सदस्यत परिचय पत्रसहित अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल:**

**(क) छलफलका विषय:**

- अध्यक्षको प्रतिवेदन
- कोषाध्यक्षको प्रतिवेदन
- लेखा समितिको प्रतिवेदन
- ऋण उपसमितिको प्रतिवेदन
- विभिन्न उपसमितिको प्रतिवेदन
- आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन
- आ.व. २०८१/०८२ को लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा
- टिप्पणी मार्फत भएका काम कारवाही अनुमोदन सम्बन्धमा,
- साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने सम्बन्धमा,
- विभिन्न उपसमितिको कार्यविधि सम्बन्धमा,
- विविध ।

**(ख) कार्यक्रम:**

- मिति: २०८२ मंसिर २६ र २७ गते
- समय: बिहान १०:३० बजे ।
- स्थान: शुभम् पार्टी प्यालेस, हेटौंडा-८

राम बहादुर बस्नेत
अध्यक्ष

**सर्वोत्तम सञ्चिती बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने, मकवानपुर
सम्पर्क: ०५७-४१२८२५, ५२१७४०, ५२२८९१

## हार्दिक आभार



नेपाल अटो ई-रिक्सा व्यवसायी संघ मकवानपुर जिल्लाको विहीबार हेटौंडामा सम्पन्न ८ औं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनबाट अध्यक्ष पदमा भीमप्रसाद गौतम, उपाध्यक्ष होमलाल देउला, सचिव भीमबहादुर पाख्रिन, कोषाध्यक्ष गोविन्दप्रसाद तिमल्सिना तथा सदस्यहरुमा फणेन्द्र सञ्जेल, उत्तम अधिकारी, सूर्यबहादुर थिङ, टेकप्रसाद न्यौपाने र हरिप्रसाद न्यौपानेलाई सर्वसम्मत नयाँ नेतृत्व चयन गर्न सहयोगी व्यवसायीहरु तथा संघलाई यहाँसम्म पुर्‍याउन प्रत्यक्ष र अप्रत्यक्षरुपमा सहयोगी सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछौं ।

**नेपाल अटो ई-रिक्सा व्यवसायी संघ मकवानपुर, परिवार**

## हार्दिक आभार



नेपाल अटो ई-रिक्सा व्यवसायी संघ मकवानपुर जिल्लाको विहीबार हेटौंडामा सम्पन्न ८ औं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनबाट मलाई **सचिव** पदमा सर्वसम्मतरुपमा चयन गर्नुहुने सम्पूर्ण सदस्य व्यवसायी साथीहरुप्रति हार्दिक धन्यवादसहित आभार व्यक्त गर्दछु ।

भीमबहादुर पाख्रिन
सचिव
नेपाल अटो ई-रिक्सा व्यवसायी संघ मकवानपुर

## हार्दिक आभार



नेपाल अटो ई-रिक्सा व्यवसायी संघ मकवानपुर जिल्लाको विहीबार हेटौंडामा सम्पन्न ८ औं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनबाट मलाई **अध्यक्ष** पदमा सर्वसम्मतरुपमा पुन: चौथो कार्यकालको लागि चयन गर्नुहुने सम्पूर्ण सदस्य व्यवसायी साथीहरुप्रति हार्दिक धन्यवादसहित आभार व्यक्त गर्दछु ।

भीमप्रसाद गौतम
अध्यक्ष
नेपाल अटो ई-रिक्सा व्यवसायी संघ मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना